# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, असोज ३० गते २०६३ साल (संख्या २४

## भाग ३

### नेपाल सरकार
### सूचना तथा सञ्चार मन्त्रालयको
### सूचना १

नेपाल सरकारले हुलाक नियमावली, २०२० को नियम ६३ ले दिएको अधिकार प्रयोग गरी हुलाक मञ्जुषा (Post Box) मा देहायबमोजिम दस्तुर लिने गरी निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

क) पोष्ट बक्स धरौटी शुल्क:

१. ठूलो साइजको पोष्ट बक्सको लागि रू. २४००।- (दुई हजार चार सय रूपैयाँ)

२. मझौला साइजको पोष्ट बक्सको लागि रू. १५००।- (एक हजार पाँच सय रूपैयाँ)

३. सानो साइजको पोष्ट बक्सको लागि रू. १०००।- (एक हजार रूपैयाँ)

ख) नवीकरण विलम्ब शुल्क:

१. श्रावण महिनाभर नलाग्ने

२. भाद्र र असोज महिनासम्म वार्षिक शुल्कको २५% (पच्चीस प्रतिशत)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. कार्तिक, मंसीर र पुस महिनासम्म वार्षिक शुल्कको ५०%(पचास प्रतिशत)
४. माघ, फागुन र चैत्र महिनासम्म वार्षिक शुल्कको ७५% (पचहत्तर प्रतिशत)
५. वैशाख, जेष्ठ र आषाढ महिनासम्म वार्षिक शुल्कको १००% (सत प्रतिशत)।

ग) तीन वा पाँच वर्षसम्मको वार्षिक शुल्क एकै पटक लिई नवीकरण गर्न सकिने ।

घ) Post Box Online लिन चाहनेको लागि थप वार्षिक शुल्कः

१. ठूलो साइजको पोष्ट बक्सको लागि रू. १२००।– (एक हजार दुई सय रूपैयाँ)
२. मझौला साइजको पोष्ट बक्सको लागि रू. ७५०।– (सात सय पचास रूपैयाँ)
३. सानो साइजको पोष्ट बक्सको लागि रू. ५००।– (पाँच सय रूपैयाँ)।

खण्ड ४३, संख्या १६, मिति २०५०।४।१८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ।

## सूचना २

नेपाल सरकारले राष्ट्रिय प्रसार नियमावली, २०५२ को नियम २२ ले दिएको अधिकार प्रयोग गरो सोही नियमावलीको अनुसूची–५ (ख) को क्र.सं. २ को सट्टा देहायको क्रम संख्या २ राखी हेरफेर गरेको छः–

"२. फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्नको लागि—

(क) २० वाट (WATT) क्षमतासम्मको लागि– रू. ५००।–
(ख) ५० वाट (WATT) क्षमतासम्मको लागि- रू. १,०००।-
(ग) १०० वाट(WATT) क्षमतासम्मको लागि- रू. १०,०००।-
(घ) २५० वाट (WATT) क्षमतासम्मको लागि- रू. १,००,०००।-



S2b

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) ५०० वाट (WATT) क्षमतासम्मको लागि- रू.२,००,०००।-
(च) ५०० वाट (WATT) मन्दा माथि दश हजार
(WATT) क्षमतासम्मको लागि- रू. ५,००,०००।-"

आज्ञाले,
शंकरप्रसाद कोइराला
नेपाल सरकारको का.मु. सचिव

## नेपाल सरकार

## वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

## राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०६३

राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, २०५८ लाई संशोधन गर्न वान्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०६३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, २०५८ को दफा २ मा संशोधनः राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) आदेश, २०५८ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को खण्ड (क१) झिकिएको छ।

३. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को उपदफा (२) को,–

(१) खण्ड (क) र (क१) को सट्टा देहायका खण्ड (क) र (क१) राखिएका छन्:–

"(क) सचिव, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय– अध्यक्ष



१५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क१) प्रतिनिधि, (राजपत्राङ्कित प्रथम श्रेणी),
अर्थ मन्त्रालय– सदस्य"

(२) उपदफा ३ को सट्टा देहायको उपदफा (३) राखिएको छ,–
"उपदफा (२) को खण्ड (ङ) र (च) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ ।"

४. खारेजीः मूल आदेशको दफा ६क. खारेज गरिएको छ ।

५. रुपान्तरणः मूल आदेशको ठाउँ ठाउँमा रहेका "श्री ५ को सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
बालकृष्ण प्रसाई
नेपाल सरकारको सचिव

नेपाल सरकार

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

नेपाल सरकारले पर्वतारोहण सम्बन्धी नियमावली, २०५९ को नियम ३२ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल–जापान कुटनैतिक सम्बन्ध स्थापनाको ५० औं वार्षिक उत्सवका उपलक्ष्यमा नागपाईगोसुम (७३२१ मी.) हिमाल आरोहण गर्ने Joint Japan-Nepal Friendship Golden Jublee Mt. Nagpaigosum 2006 नामको दश सदस्यीय संयुक्त पर्वतारोही दललाई आरोहणको लागि नियमानुसार लाग्ने सलामी दस्तुर अमेरिकी डलर ४२००.०० (चार हजार दुई सय) पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
माधवप्रसाद घिमिरे
नेपाल सरकारको सचिव

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

सूचना १

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिकरण काठमाडौंको राजस्व सदस्यमा आन्तरिक राजस्व कार्यालय, कृष्णनगरका प्रमुख कर अधिकृत श्री सुनिल कुमार श्रेष्ठलाई तोकेको छ ।



৮৫৮
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिकरण पोखराको राजस्व सदस्य पदमा क्षेत्रीय कोष निर्देशनालय, पोखराका क्षेत्रीय कोष निर्देशक श्री शिव प्रसाद पराजुलीलाई तोकेको छ ।

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
नेपाल सरकारको सचिव

## नेपाल सरकार
## अर्थ मन्त्रालयको

## सूचना १

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी बैतडी जिल्लास्थित ऐतिहासिक तथा पुरातात्विक महत्वको श्री सिद्धनाथ रानादेव मन्दिर जिर्णोद्वारको लागि आवश्यक पर्ने Timber Corporation of Nepal बाट खरिद गरिने १२१५.२ (एकहजार दुई सय पन्ध्र दशमलव दुई) क्यूबिक फिट गोलिया काठमा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध भै कालिकोट र खोटाङ्ग जिल्लामा कार्यरत MSF Holland (Nepal) को लागि MSF Holland बाट उपहार स्वरुप प्रदान गरिने यूरो ३२,२७८.६२ (बत्तिस हजार दुई सय अठहत्तर र सेण्ट बासट्ठी) मूल्य बराबरको औषधी र मेडिकल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपकरणहरूको आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी सप्तरी जिल्ला फत्तेपुर गा.वि.स. स्थित त्रियुगा सहकारी संस्थाले दुध ढुवानी गर्ने प्रयोजनको लागि खरिद गर्ने रु. ६,४२,४८५।– (छ लाख बयालिस हजार चार सय पचासी) मूल्य बराबरको टाटा पिक अप गाडी आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी अन्तःशुल्क पूरै छूट दिने तथा मूल्य अभिवृद्धि कर, विशेष शुल्क र स्थानीय विकास शुल्क असुल गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालले INDIA र GERMANY बाट क्रमशः भा. रु. १८,६३,५५१।– (अठार लाख त्रिसठी हजार पाँच सय एकाउन्न) र यूरो ११,६२९.९२ (एघार हजार छ सय उनन्तीस सेन्ट बयानब्बे) मूल्य बराबरको चिकित्सा उपकरण आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा अन्य सबै कर, शुल्क छूट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ अन्तर्गत समूह-११ को उपसमूह १८ ले दिएको अधिकार प्रयोग गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खोरङ्गा हाइड्रो पावर प्रा.लि., नयाँ बानेश्वर काठमाडौंले चीन तथा भारतबाट आयात गर्ने ३४९.९६ मेट्रिक टन Hot Rolled Shect in Coil and Plates मा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

नेपाल सरकार

भौतिक योजना तथा निर्माण मन्त्रालयको

सूचना १

नगर विकास ऐन, २०४५ को दफा १२ को उपदफा १२.१.२ बमोजिम काभ्रेपलाञ्चोक जिल्लाको साविक श्रीखण्डपुर गाउँ विकास समिति वडा नं. ९ हाल धुलिखेल नगरपालिका वडा नं. ७ मा रहेको श्रीखण्डपुर क्षेत्रको तपसिलको चार किल्लाभित्रको विभिन्न कित्ता जग्गाहरूलाई एकीकरण गरी सो जग्गामा नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बिक्री गरी असुल उपर गर्ने तथा बाँको विकसित घडेराहरू साविकका जग्गाधनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता दिने गरी धुलिखेल जग्गा एकीकरण (लायण्ड पुलिङ्ग) कार्यक्रम सञ्चालय गर्ने योजना नेपाल सरकारबाट मिति २०६३।४।१८ मा स्वीकृत भएकोले सोही ऐनको दफा ३ को उपदफा ३.३ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

पूर्वः साविक श्रीखण्डपुर गाउँ विकास समिति वडा नं.९ को हाल धुलिखेल नगरपालिका वडा नं.७ मा पर्ने साविक कि. नं. ५८५, ५८४, ५८२, ५८३, ५८८, ५७०, ५६८, ५६९, ५६७, ५६६ र ५६५ कित्ताहरूको पूर्व,



९५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पश्चिमः धुलिखेल नगरपालिका वडा नं. ७ बाँसबारी पिपलबोटबाट के.सी/ भण्डारी गाउँ जाने बाटो,

उत्तरः अरनीको राजमार्ग,

दक्षिणः के.सी./भण्डारी गाउँ जाने गोरेटो बाटो हुँदै कुलोसम्म ।

## सूचना २

नगर विकास ऐन, २०४५ को दफा १२ को उपदफा १२.१.२ बमोजिम काठमाडौं जिल्लाको इचंगु नारायण गाउँ विकास समिति वडा नं. ७ र ८ मा रहेको तपसिलको चार किल्लाभित्रको विभिन्न कित्ता जग्गाहरूलाई एकीकरण गरी सो जग्गामा नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बिक्री गरी असुल गर्ने तथा बाँकी विकसित घडेरीहरू साविककै जग्गाधनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता दिने गरी इचंगु नारायण (रानीवन) जग्गा एकीकरण (लायण्ड पुलिङ्ग) कार्यक्रम सञ्चालन गर्ने योजना नेपाल सरकारबाट मिति २०६३।६।१ मा स्वीकृति भएकोले सोही ऐनको दफा ३ को उपदफा ३.३ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

पूर्वः– साविक वालाजु वडा नं. ६

पश्चिमः– साबिक वालाजु वडा नं. ६

उत्तरः– नागार्जुन जङ्गल (हालको रानीवन भन्दा तल)

दक्षिणः– साविक वालाजु वडा नं. ५ र ६

आज्ञाले,
नारायणप्रसाद सिलवाल
नेपाल सरकारको सचिव



४५८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## नेपाल सरकार
# स्थानीय विकास मन्त्रालयको
## सूचना १

**स्थानीय स्वायत्त शासन (तेस्रो संशोधन) नियमावली, २०६३**

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "स्थानीय स्वायत्त शासन (तेस्रो संशोधन) नियमावली, २०६३ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२.. **स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २ मा संशोधन**: स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ज) पछि देहायको खण्ड (झ) थपिएको छः-

"(झ) "संकलन केन्द्र" भन्नाले जिल्ला विकसा समितिले यस नियमावली बमोजिम उठाउन पाउने कर लिने प्रयोजनका लागि कर योग्य कुनै वस्तु वैज्ञानिक ढंगले संकलन, पृथकीकरण, भण्डारण र निकासी गर्नका लागि सहजीकरण गर्ने उद्देश्यले आफैले वा निजी क्षेत्रको सहभागितामा स्थापना गरेको ठाउँ सम्झनु पर्छ ।"

३.. **मूल नियमावलीको नियम २०७ मा संशोधन**: मूल नियमावलीको नियम २०७ को,-

(१) उपनियम (१) को खण्ड (ग) को उपखण्ड (२) को स्पष्टीकरणमा रहेका "वस्तुलाई" भन्ने शब्दहरुको सट्टा "वस्तु वा राजश्व परामर्श समितिको परामर्श लिई जिल्ला विकास समितिले कवाडी भनी तोकेका अन्य मालसामान वा वस्तु" भन्ने शब्दहरु राखिएका छन ।

(२) उपनियम (२) को,-

(क) खण्ड (क) मा रहेका "कच्चा पदार्थमा" भन्ने शब्दहरुको सट्टा "वस्तुमा" भन्ने शब्द राखी सोही खण्डमा रहेको "त्यस्ता पदार्थको" भन्ने शब्दहरुको सट्टा "त्यस्ता वस्तुको" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ग) मा रहेका "तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "उत्पादनस्थल वा सो समितिले तोकेको संकलन केन्द्रमा उठाउन सक्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) मार्वल र कृषि तथा कृषिजन्य उद्योगमा प्रयोग हुने चुन ढुंङ्गामा कर लिन पाईने छैन ।"

४. **मूल नियमावलीको नियम २११ मा संशोधन** : मूल नियमावलीको नियम २११ को सट्टा देहायको नियम २११ राखिएको छः-

"२११. **राजश्वको बाँडफाँड सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा २२० बमोजिम राजश्वको बाँडफाँड गर्दा सम्बन्धित जिल्ला विकास समितिले पाउने रकम सम्बन्धित राजश्व असूल गर्ने कार्यालयले छुट्टै बैंक खाता खोली जम्मा गर्नु पर्नेछ र सो खाताबाट अनुसूची-२६ बमोजिम सम्बन्धित जिल्ला विकास समितिलाई रकम उपलब्ध गराउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकममध्ये जिल्ला परिषद्ले सेवाको आवश्यकता र विस्तारको आधारमा निर्धारण गरेको रकम जिल्ला विकास समितिले जिल्ला भित्रका नगरपालिका र गाँउ विकास समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जिल्ला विकास समितिबाट प्राप्त भएको रकम सम्बन्धित नगरपालिका र गाउँ विकास समितिले प्रशासनिक कार्यमा खर्च गर्न पाउने छैनन्।"

५. <u>मूल नियमावलीको नियम २१२ मा संशोधनः</u> मूल नियमावलीको नियम २१२ को उपनियम (४) पछि देहायको उपनियम (५) थपिएकोछ :-

"(५) उपनियम (२) बमोजिमको तहमा रहने पदको पदनाम बिनियमावलीमा उल्लेख भएबमोजिम हुने छ।"

६. <u>मूल नियमावलीको नियम २१३ मा संशोधनः</u> मूल नियमावलीको नियम २१३ को,-

(१) उपनियम (२) पछि देहायको उपनियम (२क.) थपिएको छः-

"(२क.) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियम प्रारम्भ भएपछि स्थानीय निकायमा सहायक स्तर पहिलो, दोस्रो, तेस्रो तह र सवारी चालकको नयाँ दरवन्दी सृजना गरिने छैन र नियम २१३क. बमोजिम पद पूर्ति भई सकेपछि रिक्त हुने सहायक प्रथम, दोस्रो, तेस्रो तह र सवारी चालकको पदहरु स्वतः खारेज हुनेछन्।"

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएकोछः-

"(४) स्थानीय निकायको कुनै पद सृजना वा रिक्त भएको मितिले एक वर्षसम्म स्थायी पदपूर्ति नभएमा उक्त पद स्वतः खारेज हुनेछ।

तर पदपूर्ति समितिबाट पदपूर्तिको लागि कारवाही भई रहेको वा बढुवाको कारवाही शुरु भई सकेको पद खारेज हुने छैन।"

७. <u>मूल नियमावलीमा नियम २१३क. थपः</u> मूल नियमावलीको नियम २१३ पछि देहायको नियम २१३क. थपिएको छः

"२१३क. <u>पदपूर्ति सम्बन्धी विशेष व्यवस्थाः</u> (१) यस नियमावलीमा अन्यत्र जनसुकै कुरा लेखिएको भएतापनि स्थानीय निकायको स्वीकृत दरवन्दीको अधिकृतस्तर छैठौं तह, सहायकस्तर पाँचौं तह र चौथो तहको पदमा सम्वत् २०५९ साल असार मसान्तसम्म नियुक्त भई यो नियम प्रारम्भ हुंदाका बखतसम्म अविच्छिन्न रुपमा सोही पदमा कार्यरत कर्मचारी यस नियमावली बमोजिमको न्यूनतम शैक्षिक योग्यता पुगेका कर्मचारीहरु बीच मात्र सोही पदमा छुट्टै प्रतिस्पर्धात्मक परीक्षा सञ्चालन गरी एकपटकको लागि पदपूर्ति गर्न सकिनेछ।"

(२) उपनियम (१) बमोजिम पदपूर्ति गर्दा यो नियम प्रारम्भ हुंदाका बखत रिक्त रहेका स्थानीय निकायका स्वीकृत दरवन्दी मध्ये पचास प्रतिशत दरबन्दीमा उपनियम (१) बमोजिम र बाँकी पचास प्रतिशत मध्ये तीस प्रतिशत खुला प्रतियोगिता र बाँकी बीस प्रतिशत अधिकृतस्तरको लागि आन्तरिक प्रतियोगितात्मक परीक्षा र सहायकस्तरको लागि कार्य क्षमताको मूल्यांकनको आधारमा गरिने बढुवाद्धारा पूर्ति गरिनेछ।

तर सहायकस्तर पहिलो, दोस्रो र तेस्रो तहको पदको हकमा यस नियम बमोजिम पदपूर्ति गर्दा शतप्रतिशत दरवन्दीमा उपनियम (१) बमोजिम पदपूर्ति गर्न सकिनेछ।

(३) उपनियम (२) बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षा वा कार्यक्षमताको मूल्याँकनको आधारमा हुने बढुवाको लागि छुट्याएको पदमा पर्याप्त उम्मेदवार नभएमा त्यस्ता पद उपनियम (१) बमोजिम पदपूर्ति हुने पदमा समावेश गरिनेछ।



०९६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (१) बमोजिम पदपूर्ति गर्नु अघि स्थानीय निकायले आफ्नो निकायको दरवन्दी पुनरावलोकन गर्नु पर्नेछ।"

(५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय निकायको कुनै पदमा कम्तीमा एक वर्ष अविछिन्न रुपमा सेवा गरिरहेको कर्मचारीको हकमा यस नियम बमोजिम गरिने पदपूर्तिको लागि हुने विज्ञापनमा उमेरको बन्देज लाग्ने छैन।

(६) उपनियम (१) बमोजिमको पदपूर्ति सम्बन्धित स्थानीय निकायले सो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र गरिसक्नु पर्नेछ।"

८. <u>मूल नियमावलीको नियम २१५ मा संशोधनः</u> मूल नियमावलीको नियम २१५ को उपनियम (१) को,-

(१) खण्ड (क) को उपखण्ड (२) पछि देहायको उपखण्ड (२क.) राखिएको छः-

"(२क.) लोकसेवा आयोगको सम्बन्धित क्षेत्रीय वा अञ्चल कार्यालयले तोकेको अधिकृतस्तरको प्रतिनिधि - सदस्य"

(२) खण्ड (ख) को उपखण्ड (२) पछि देहायको उपखण्ड (२क.) राखिएको छः-

"(२क.) लोकसेवा आयोगको सम्बन्धित क्षेत्रीय वा अञ्चल कार्यालयले तोकेको अधिकृतस्तरको प्रतिनिधि - सदस्य"

९. <u>मूल नियमावलीको नियम २२३ मा संशोधनः</u> मूल नियमावलीको नियम २२३ को,-

(१) उपनियम (३) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(२) उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन् :-

"(४) यो नियम प्रारम्भ भएपछि सहायक दोस्रो र तेस्रो तहका पदमा कार्यरत कर्मचारीको बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि पुगेको भएमा निजलाई एक तह माथिको पदमा स्वतः बढुवा गरिनेछ।

(५) उपनियम (४) बमोजिम बढुवा भएपछि माथिल्लो तहको पद सृजना हुनेछ र माथिल्लो पदमा बढुवा भएपछि तल्लो पद स्वतः खारेज हुनेछ।"

१०. <u>मूल नियमावलीमा नियम २६९क.थपः</u> मूल नियमावलीको नियम २६९ पछि देहायको नियम २६९क. थपिएको छः-

"२६९क. <u>हस्तान्तरण गर्न सकिने:</u> (१) स्थानीय निकायले आफ्नै स्रोत साधनबाट गराउदै आएको कुनै कार्य सेवा करारबाट, निजि स्तरबाट, सहकारी संस्था मार्फत वा अन्य कुनै तरिकाले गर्न गराउन कुनै संस्थासंग सम्झौता गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सम्झौता गर्दा त्यस्तो कार्यमा संलग्न स्थानीय निकायका स्वीकृत दरवन्दीमा रहेका कर्मचारी, स्रोत र साधन त्यस्तो संस्थालाई हस्तान्तरण गर्न सकिनेछ। त्यसरी हस्तान्तरण गर्दा त्यस्तो कार्यमा संलग्न रहेका कर्मचारीको सेवा शर्त र सुविधामा कुनै प्रतिकूल असर पर्ने छैन।

(३) उपनियम (२) बमोजिम कर्मचारी हस्तान्तरण भई सकेपछि निजहरुको दरवन्दी स्वतः खारेज हुनेछ।"

११. <u>मूल नियमावलीको अनुसूचीमा संशोधनः</u> मूल नियमावलीको अनुसूची–१७, अनुसूची–२३, अनुसूची–२४ र अनुसूची–२५ को सट्टा यसैसाथ संलग्न अनुसूची–१७, अनुसूची–२३, अनुसूची–२४ र अनुसूची–२५ राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची -१७

(नियम १४५ संग सम्वन्धित)

**नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने मनोरन्जन करको दर**

१. सिनेमाहल , भिडियोहल, सांस्कृतिक प्रदर्शनहल, थियटर संङगीत, मनोरन्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्कमा दुईदेखि पाँच प्रतिशतसम्म ।

तर, ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

२. जादू, सर्कस, चटक आदिमा प्रति दिन दुईसय रुपैंयादेखि पाँचसयरुपैंया सम्म ।

मुद्रण विभाग, सिंहदरबार



5616

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

### अनुसूची- २३

(नियम २०७ संग सम्वन्धित)

**जिल्ला विकास समितिले लगाउन सक्ने करको दर**

१. **आफ्नो स्रोतबाट निर्माण गरेको वा आफूलाई हस्तान्तरण भईआएको, सडक बाटो तथा पुलबाट आवागमन गर्ने सवारी तथा यातायातका साधनमा देहाय वमोजिम पटके कर :**

(क) निजी तथा भाडाका बस, ट्रकमा पाँच रुपैयाँदेखि पच्चीस रुपैयाँसम्म

(ख) मिनिबस तथा ट्रैक्टरमा पाँच रुपैयाँदेखि पन्ध्र रुपैयाँसम्म

(ग) निजी तथा भाडाका कार र टेम्पोमा पाँच रुपैयाँदेखि दस रुपैयाँसम्म

(घ) अन्य साधनमा पाँच रुपैयाँसम्म

द्रष्टव्यः- (१) यस प्रकरण वमोजिमको कर राजमार्ग तथा सहायक राजमार्गमा लगाउन पाइने छैन ।

(२) वार्षिक एक हजार आठ सयसम्म लिई पटके करको सट्टामा वार्षिक सवारी पास दिन सकिनेछ ।

(३) यस प्रकरण वमोजिम उठाईएको कर सम्वन्धित सडकको मर्मत सम्भार कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।

२. **आफ्नो जिल्लाभित्र उत्पादन भई निकासी हुने देहायका मालवस्तुमा देहायको न्यूनतम र अधिकतम कर दर सीमाभित्र रही जिल्ला परिषद्ले तोके वमोजिम लगाईने कर :**

| क्र.सं. | नाम | इकाई | दर (न्यूनतम) | ( अधिकतम) |
|---|---|---|---|---|
| (क) | ऊन(प्राकृतिक, कृत्रिम, जगर) | प्रति के.जी. | -।०५ पैसा | -।१० पैसा |
| (ख) | खोटो | प्रति के.जी | -।२५ पैसा | -।५० पैसा |
| (ग) | प्रचलित वन नियमावलीमा लेखिएका जडीबुटीको मुल्य, मात्रा र गुणस्तर हेरी जिल्ला परिषद्ले तोके वमोजिमको दर, तर, व्यवसायिक खेतीको र स्थानीय उद्योगमा अर्ध प्रशोधन हुने जडिबुटीको हकमा आधा दरमा लाग्नेछ । | | | |
| (घ) | वनकस(खर),बाबियो,मलहनपत्ता, छवाली, पराल, वगास, निगालो, लोकता, पटेर, अम्लिसो (कुच्चो) | प्रति गाडा, ट्र्याक्टर, ट्रक | रु. १।- | रु.१००।- |
| | बाँस | प्रति गोटा | -।२५ पैसा | -।५०पैसा |
| | सिसौ, साल(चट्टा, गोलिया,चिरान) (सम्वन्धित जिल्लाको वन कार्यालयका चलानीको आधारमा) | प्रति ट्रक | रु. २००।- | रु. ३००।- |
| | अन्य काठ (चट्टा गोलिया, चिरान) (सम्वन्धित जिल्लाको वन कार्यालयको चलानीको आधारमा) | प्रति ट्रक | रु. १००।- | रु. २००।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **पुन: प्रशोधन (रिसाइकलिङ्ग) गरि पुन: प्रयोग हुन सक्ने देहाय बमाजिमका कवाडी मालसामानमा देहाय बमोजिमका न्यूनतम र अधिकतम कर दर सीमाभित्र रही जिल्ला परिषद्ले तोके बमोजिमको दरमा सो समितिले तोकिदिए बमोजिमको कार्यविधि अनुरुप उठाइने कर :**

| क्र.सं. | नाम | इकाई | दर (न्यूनतम) | ( अधिकतम) |
|---|---|---|---|---|
| (क) | भिुण्डु (प्राकृतिक र कृत्रिम उनका टुक्रा) | प्रतिके.जी | -।५० पैसा | रु.२।- |
| (ख) | गार्मेण्टको कपडाको टुक्रा | प्रतिके.जी. | -।५० पैसा | रु.२।- |
| (ग) | जलेको मोबिल | प्रति लिटर | -।२५ पैसा | रु. १।- |
| (घ) | जुट र प्लाष्टिकका बोरा | प्रति के. जी | -।०५ पैसा | -।२०पैसा |
| (ङ) | कार्पेटका टुक्रा | प्रति के. जी. | -।५० पैसा | रु.२।- |
| (च) | टायरट्यूब | प्रति के. जी. | -।५० पैसा | रु.२।- |
| (छ) | थोत्रो टिन | प्रति के. जी. | -।२५ पैसा | -।५० पैसा |
| (ज) | पुरानो ड्रम | प्रति के. जी. | -।२५ पैसा | -।५० पैसा |
| (झ) | **पुरानो कागज :** | | | |
| | (१) अखवार(न्यूजप्रिन्ट) | प्रति के. जी. | -।२५ पैसा | -।५० पैसा |
| | (२) अन्य कागज (कार्टुन समेत) | प्रति के. जी. | -।५० पैसा | रु. १।- |
| (ञ) | धातुका टुक्राहरु र पत्रुभइ काम नलाग्ने भएका धातुका सामानहरु | | | |
| | (१) फलाम | प्रति के. जी. | -।५० पैसा | रु.२।- |
| | (२) अन्य धातु (पितल,तामा आदि) | प्रति के. जी. | रु. १।- | रु.२।५० |
| | (३) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार | प्रति के. जी. | रु.१।- | रु. २।- |
| (ट) | पोलिथिन पाइपका टुक्राहरु | प्रति के. जी. | -।२५ पैसा | रु.१।- |
| (ठ) | सिसा(लिड) को धुलो वा टुक्रा | प्रति के. जी. | रु.३।- | रु.४।- |
| (ड) | काँचको धुलो र टुक्रा | प्रति के. जी. | -।२५ पैसा | रु. १।- |
| (५) | प्रचलित कानूनले निषेधित गरे बाहेकका पंछीहरु जस्तै:- हाँस,कुखुरा जस्ता पंछीहरुको प्वाखमा जिल्ला परिषद्ले निर्धारण गरे बमोजिमका कर | प्रति के. जी | रु.१।- | रु.२।- |
| (६) | प्रचलित कानूनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पशुका: | | | |
| | (क) हाड | प्रति के. जी. | -।५० पैसा | रु.१।- |
| | (ख) सिंग | प्रति के.जी | रु.१।- | रु.२।- |
| | (ग) खुर | प्रति के.जी | रु.१।- | रु.२।- |
| | (घ) छाला (ठूलो) | प्रति गोटा | रु. २०।- | रु. ३०।- |
| | (ङ) छाला ((सानो) | प्रति गोटा | रु. १०।- | रु. १५।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -२४

(नियम २०८ संग सम्वन्धित)

जिल्ला विकास समितिले लगाउन पाउने सेवा शुल्कको दर

सेवा शुल्क लगाउन पाउने विषय :

१. अतिथिगृह, पुस्तकालय, चिकित्सालय, धर्मशाला, सभागृह,उद्यान, पार्क, ताल, पोखरी, मनोरन्जन स्थल, ऐतिहासिक स्थल, पुरातात्विक स्थल, धार्मिक महत्वका सम्पदा एवं यस्तै प्रकृतिका अन्य पूर्वाधारहरुमा जिल्ला परिषद्ले निर्धारण गरेको दर रेटमा सिर्जित पूर्वाधार र सुविधाको आधारमा जिल्ला परिषद्ले तोके बमोजिम ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

२. कुलो, पैनी वाँध :

(क) प्रति रोपनी वार्षिक - रु. ५।

(ख) प्रति विगाहा वार्षिक -रु ६०।

३. सम्बन्धित स्थानीय निकायले आफ्नो क्षेत्राधिकार भित्र रहेका उधोग धन्दा , कल कारखाना (कोक, पेप्सी जस्ता हल्का पेय पदार्थ, मार्बल उधोग, सिमेन्ट आदी) संग वातावरण प्रदुषण, स्थानीय पूर्वाधार र प्राकृतिक स्रोत संपदाको प्रयोगको स्थिती हेरी त्यस्ता उधोग धन्दा संग आपसी समझदारीका आधारमा स्थानीय विकास शुल्क लगाउन सक्नेछन् । त्यस्तो शुल्कको दर त्यस्ता उधोगको उत्पादन क्षमता र स्थानीय प्राकृतिक स्रोतको उपयोग हेरी संबन्धित पक्षको संलग्नतामा राजश्व परामर्श समितिको सिफारिसमा संबन्धित परिषद्को निर्णय अनुसार कायम गरे बमोजिम हुनेछ ।

४. संकलन केन्द्रबाट सेवा दिए वापत परिषद्ले निर्धारण गरेको दरको सेवा शुल्क ।

मुद्रण विभाग



६०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -२५

(नियम २०९ संग सम्वन्धित)

जिल्ला विकास समितिले लगाउन पाउने दस्तुरको दर

| क्र.सं. | दस्तुर लगाउन पाउने विषय | अनुमतिपत्र दर्ता दस्तुर | नविकरण दस्तुर |
|---|---|---|---|
| १. | (क) नदीहरुमा जलविहार गर्ने, (बार्षिक)<br>(ख) डुङ्गा तथा तुईन चलाउने, (वार्षिक)<br>(ग) माछा मार्ने (वार्षिक) | रु. २,०००।-<br>रु. २००।-<br>रु. ५००।- | रु. १,०००।-<br>रु. ५०।-<br>रु. १००।- |
| २. | सिफारिस दस्तुर (विदेश निकासीका लागि)<br>(क) गिट्टी प्रति ट्रिप<br>(ख) बालुवा प्रति ट्रिप | <br>रु.१०००।-<br>रु. १०००।- | |
| ३. | अन्य सिफारिस | रु. १०००।- सम्म | |
| ४. | **केवलकार सञ्चालन दस्तुर :-**<br>(क) प्रत्येक जिल्ला विकास समितिले केवलकारको प्रति यात्रु टिकटमा दुई प्रतिशतसम्म केवल कार सञ्चालन दस्तुर लगाउन सक्नेछ ।<br>(ख) खण्ड (क) बमोजिम जिल्ला विकास समितिले सङ्कलन गरेको कूल दस्तुर रकमको पच्चीस प्रतिशत रकम सम्वन्धित गाँउ विकास समितिलाई दिनु पर्नेछ ।<br>(ग) केवल कार सञ्चालन मार्गमा एकभन्दा बढी गाँउ विकास क्षेत्र पर्ने भएमा खण्ड (ख) बमोजिमको रकम सबै गाँउ विकास समितिलाई दामासाहीले दिनुपर्नेछ । | | |

**द्रष्टव्यः-** (१) माथि उल्लिखित विषयहरु एकभन्दा बढी जिल्लासँग सम्वन्धित भएको अवस्थामा ती विषयलाई व्यवस्थित गर्न सम्वन्धित जिल्ला विकास समितिले आपसी सरसल्लाहबाट निर्णय गरी कार्य सञ्चालन गर्न गराउन सक्नेछन् ।

(२ नदीहरुमा जलविहार (र्‍याफ्टीङ्ग) गर्ने र डुङ्गा चलाउने व्यवसायीले जुन जुन जिल्लामा पर्ने नदीमा आफ्नो व्यवसाय सञ्चालन गर्ने हो ती जिल्लाका जिल्ला विकास समितिबाट अनुमती पत्र प्राप्त गरी रितपूर्वक त्यस्तो अनुमती पत्र नविकरण गराउनु पर्नेछ ।

तर, जलविहार र डूङ्गा सञ्चालन व्यवसायीले सुरु र अन्तिम विन्दुमा पर्ने जिल्ला विकास समितिबाट अनुमती प्रप्त गरीसकेपछि जलयात्रा मार्गको बीचमा पर्ने जिल्ला विकास समितिबाट अनुमती प्राप्त गर्न आवश्यक हुने छैन ।

(३) सुरक्षाको दृष्टिले प्रयोग हुने कायक र कायक चालक वा सोही प्रयोजनका लागि प्रयोग हुने एकल जलविहार (सोलो र्‍याफ्टीङ्ग) को लागि यस नियम बमोजिम अनुमती पत्रको आवश्यकता पर्ने छैन ।

(४) माछा मार्ने व्यवसायीले सम्वन्धित जिल्ला विकास समितिबाट अनुमती पत्र प्राप्त गरी साल सालै सो अनुमती पत्र नविकरण गराउनु पर्नेछ र सम्वन्धित जिल्ला विकास समितिले अनुमती पत्र प्राप्त गरी त्यस्तो अनुमती पत्र नविकरण गराएका व्यवसायी मध्येबाट रितपूर्वक प्रतिस्पर्धा गराई सबैभन्दा बढी बोल कबोल गर्ने कुनै व्यवसायीलाई सो व्यवसायको स्वीकृति दिन सक्नेछ ।

२०५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

## निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०६३

निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु वनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. निर्वाचन क्षेत्र विकास कार्यक्रम नियमावली, २०५८ को नियम २ मा संशोधन : निर्वाचन क्षेत्र विकास कार्यक्रम नियमावली, २०५८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को, -

(१) खण्ड (क) मा रहेका "र राष्ट्रिय सभा सदस्य" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) खण्ड (ङ) मा रहेका "रहने गरी" भन्ने शब्दहरु पछि "सम्वन्धित संसद सदस्य वा निजको प्रतिनिधि वा सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकाको प्रतिनिधिको रोहवरमा" भन्ने शब्दहरु थपिएका छन् ।

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को सट्टा देहायको नियम ३ राखिएको छ :-

"३ कार्यक्रमको छनौट: (१) संसद सदस्यले प्रतिनिधित्व गरेको निर्वाचन क्षेत्रमा तथा त्यस्तो निर्वाचन क्षेत्रको सम्वन्धित जिल्लाको जिल्लास्तरीय कार्यक्रममा निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको छनौट संसद सदस्य वा निजको प्रतिनिधिले गर्नेछ ।

(३) उपनियम (२) बमोजिम कार्यक्रम छनौट गर्दा एक वर्षभित्र कार्यान्वयन गर्न सकिने पचास हजार रुपैयाँ भन्दा बढी लागत भएका कार्यक्रम छनौट गरी अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका समेत बनाई सम्वन्धित जिल्ला विकास समितिको कार्यालयमा प्रत्येक आर्थिक वर्षको पहिलो चौमासिक भित्र पेश गरिसक्नु पर्नेछ ।

तर आर्थिक वर्ष २०६३/६४ को लागि सम्वत २०६३ साल पौष मसान्तसम्म कार्यक्रम पेश गर्न सकिनेछ ।

(४) उपनियम (२) बमोजिम प्राप्त भएको कार्यक्रमको प्रतिलिपि सहित सम्वन्धित जिल्ला विकास समितिको कार्यालयले एक महिनाभित्र रकम निकासाका लागि सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

५०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (३) बमोजिमको अवधिभित्र कार्यक्रम पेश नगरेमा वा उपनियम (४) बमोजिम रकम निकासा माग नभएमा यो नियम बमोजिमको रकम निकासा हुने छैन।

(६) उपनियम (२) बमोजिम छनौट गरिने कार्यक्रम देहाय बमोजिमको हुनु पर्नेछ :-

(क) आवधिक जिल्ला विकास योजना र अन्य क्षेत्रगत योजनाको परिधिभित्र परेको,

(ख) महिला, वालवालिका, दलित, अपाङ्ग तथा विपन्न वर्गको उत्थान र विकास सम्वन्धी,

(ग) कम्तीमा बीस प्रतिशत जनसहभागिता हुने।"

४. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (ग) मा रहेका "र दलित, जनजाति तथा महिला लगायत अन्य विपन्न वर्गका छात्र छात्रालाई छात्रवृत्ति दिने" भन्ने शब्दहरु झिकिएका छन्।

(ख) खण्ड (ङ) झिकिएको छ।

(२) उपनियम (२) मा रहेका "अन्य निकायसँग" भन्ने शब्दहरु पछि "साझेदारी तथा" भन्ने शब्दहरु थपिएका छन्।

५. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को,-

(१) उपनियम (३) मा रहेका "संसद सदस्यको" भन्ने शब्दहरुको सट्टा " संसद सदस्य वा निजको प्रतिनिधिको" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (४) मा रहेका "कार्यालयले" भन्ने शब्दहरु पछि "सम्वन्धित निकायसँग सम्झौता गरी" भन्ने शब्दहरु थपिएका छन्।

(३) उपनियम (६) पछि देहायको उपनियम (७) थपिएको छ :-

" (७) कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारीको व्यवस्था जिल्ला विकास समितिले गर्नु पर्नेछ।"

६. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ:-

" (१) नेपाल सरकार, अर्थ मन्त्रालयले सम्वन्धित जिल्ला विकास समितिको कार्यालयमा रकम खर्च गर्ने अख्तियारी पठाई सो को जानकारी स्थानीय विकास मन्त्रालय र सम्वन्धित संसद सदस्यलाई दिनुपर्नेछ।"

(२) उपनियम (२) झिकिएको छ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (६) पछि देहायको उपनियम (७) थपिएको छ :-

"(७) उपनियम (१) बमोजिम प्राप्त रकम आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेमा त्यस्तो रकम सम्वन्धित जिल्ला विकास समितिले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनु पर्नेछ।"

७. मूल नियमावलीको नियम ८ मा संशोधन :- मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (१) मा रहेका "१५" अङ्कको सट्टा "१०" अङ्क राखिएको छ।

(२) उपनियम (४) झिकिएको छ।

(३) उपनियम (५) र (६) को सट्टा देहायका उपनियम (५) र (६) राखिएका छन् :-

"(५) कार्यक्रममा प्राविधिक सहयोग पुऱ्याउन जिल्ला विकास समितिको कार्यालयले हिमाली जिल्लाको हकमा तीन प्रतिशत र अन्य जिल्लाको हकमा एक दशमलव पाँच प्रतिशतसम्म रकम कट्टा गरी राख्नेछ।

(६) उपनियम (५) बमोजिमको रकम निर्माण कार्यको सुपरिवेक्षण एवं अनुगमन र मसलन्द सम्वन्धी कार्यमा मात्र खर्च गर्न सकिनेछ।"

८. मूल नियमावलीको नियम ९ मा संशोधन :- मूल नियमावलीको नियम ९ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ।

"(२) उपनियम (१) बमोजिम हिसाव फछ्र्यौटका लागि कागजात प्राप्त भएपछि सचिवले उपनियम (३) बमोजिमको समितिमा जाँचपासका निम्ति पेश गर्नु पर्नेछ।"

(२) उपनियम (३) पछि देहायका उपनियम (४), (५) र (६) थपिएका छन् :-

"(४) उपनियम (२) बमोजिम जाँचपासका लागि पेश भएपछि सो समितिले सम्वन्धित प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामका सम्वन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम खटिईएको कर्मचारीले खर्च अनुसारको काम भएको वा नभएको प्रतिवेदन दिनुपर्नेछ र खर्च अनुसारको काम भएको प्रतिवेदनको आधारमा समितिले त्यस्तो कामको जाँचपास गरिदिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम समितिबाट जाँचपास भैसकेपछि सचिवले प्रचलित कानून बमोजिम त्यस्तो कामको हिसाव फरफारक गरी सोको जानकारी सम्वन्धित संसद सदस्यलाई दिनेछ र त्यस्तो हिसावको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नेछ।"

९. मूल नियमावलीको नियम ११ संशोधन : मूल नियमावलीको नियम ११ मा रहेका "कोष तथा लेखा नियन्त्रक कार्यालयबाट" भन्ने शब्दहरुको सट्टा "सम्वन्धित जिल्ला विकास समितिको कार्यालयबाट" भन्ने शब्दहरु राखिएका छन्।

१०. मूल नियमावलीको नियम १० झिकिएको छ।

८०४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. मूल नियमावली नियम १४ को उपनियम (२) झिकिएको छ ।

१२. अनुसूचीमा संशोधन : मूल नियमावलीको अनुसूची-१ र २ मा रहेका "राष्ट्रिय सभा" भन्ने शब्द झिकिएको छ ।

आज्ञाले,
भगवती कुमार काफ्ले
नेपाल सरकारको का. मु. सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.द्व.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।